आज मिति २०८२ साल फाल्गुन महिनाको २७ गते ठीक ११:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०४ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

लेखा अधिकृत श्री सरोज काफ्ले

ईन्जिनियर श्री संजय खनाल

का.स.श्री शोभा कुमारी फाल

मिति २०८२।११।२७ गतेका दिन ठीक ११:०० बजे बसेको निस्दी गाउँपालिकाको १०४ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,विज्ञापन सम्बन्धमा ।

३,सार्वजनिक सुनुवाई सम्बन्धमा ।

४,राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा।

५,विविध ।

मिति २०८२।११।२७ गते बसेको निस्दी गाउँपालिकाको १०४ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकामा देहाय बमोजिमका पदहरु रिक्त रहेकोले सोही पदहरुमा विज्ञापन गर्न कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

कार्यालय सहयोगी -१ जना
मनोसामाजिक परामर्शकर्ता -१ जना
एम.आई.एस.अपरेटर - १ जना

३.देहाय बमोजिमको मिति र वडामा सार्वजनिक सुनुवाई कार्यक्रम गर्न कार्यपालिकालाई निर्देशन दिने साथै उक्त कार्यक्रम व्यवस्थापन खर्च वापत प्रत्येक वडालाई ३० हजार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | मिति | वडा नं. |
|---|---|---|
| १ | २०८२।११।०७ | ६ |
| २ | २०८२।११।०८ | ७ |
| ३ | २०८२।११।०९ | ५ |
| ४ | २०८२।११।१० | ३ |
| ५ | २०८२।११।११ | २ |
| ६ | २०८२।११।१२ | १ |
| ७ | २०८२।११।१७ | ४ |

४.यस आ.व.२०८२।०८३ मा यस निस्दी गाउँपालिका अन्तर्गत राष्ट्रिय रोजगार कार्यक्रम मार्फत देहायका आयोजनाहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | आयोजनाको शीर्षक | कैफियत |
|---|---|---|---|
| १ | १ | थुम्का देखि पुरमलाङ गोरेटो बाटो मर्मत | |
| २ | २ | बेरुवा र गिरबास गोरेटो बाटो मर्मत | |
| ३ | ३ | झिरुबास गोरेटो बाटो मर्मत | |
| ४ | ४ | रुक्से भञ्याङ्ग खहरे गोरेटो बाटो मर्मत | |
| ५ | ५ | वडा भित्रको प्रमुख मोटर बाटो कच्ची नाली निर्माण | |
| ६ | ६ | स्वास्थ्य चौकी वडा कार्यालय प्राङ्गण मर्मत<br>लेकडाँडा खेल मैदान तथा मोटरबाटो मर्मत | |
| ७ | ७ | वडा स्तरीय मोटरबाटो मर्मत तथा दोभान सवदाहन गोरेटो बाटो मर्मत | |

५.

क.LGPAS( Local Governance Performance Assessment System) स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम मिति २०८२।१२।०१ गते आईतबार गाउँ कार्यपालिकाको सभाहलमा गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ख.यस आ.व.२०८२।०८३ मा गाउँसभाबाट स्वीकृत आयोजना फिर्फिरे दार्सीङ्गवास मोटर बाटो र प्रदेश सभाबाट स्वीकृत आयोजना हुवास – दार्सिङवास सडक विस्तार निस्दी -७ को कार्यान्वयनबाट निस्दी गा.पा. वडा नं.६ को रातडाँडा र वडा नं.७ को दार्सिङवासका वासिन्दा लाभान्वित हुनेभएकोले उक्त वासिन्दाको सहमतिमा फिर्फिरे दार्सीङ्गवास मोटर बाटोको कार्यान्वयन सम्पन्न पश्चात सोही ठाउँबाट क्रमागत रुपमा हुवास – दार्सिङवास सडक विस्तार निस्दी -७ आयोजना कार्यान्वयन अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।